# तामाकोशी गाउँपालिका
## Tamakoshi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

जफे, दोलखा
Japhe, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref. No. :-२०७७।७८
चलानी नं./Dispatch No. :- २२०

मिति/Date: २०७७।०५।१६

**विषय/Subject :** विवरण भरी पठाउने सम्बन्धमा ।

श्री सहकारी संस्थाहरु (सबै)

तामाकोशी गाउँपालिका ।

प्रस्तुत विषयमा यस तामाकोशी गाउँपालिका भित्र कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका विभिन्न प्रकारका सहकारी संस्थाहरुले जनताको हितको लागि सञ्चालन गर्ने कार्यक्रम र गतिविधिका आधारमा समन्वय गरी यस गाउँपालिकाबाट विभिन्न सहयोग-सहकार्यका कार्यक्रमहरु भइरहेको यहाँहरु सबैलाई विदितै छ । यसक्रममा सहकारी संस्थाहरुका संस्थागत गतिविधिहरु नियमित, चुस्त, दुरुस्त र प्रचलित ऐन नियम अनुसार सञ्चालन भए नभएको नियमन तथा अनुगमन गरी आगामी दिनमा सोही बमोजिम सहयोग सहकार्य जारी राख्नुपर्ने भएकोले यसैसाथ संलग्न विवरण संकलनको ढाँचा (चेकलिस्ट) मा माग भएबमोजिम आफ्नो संस्थाका विवरणहरु भरी यही मिति २०७७ भाद्र २५ गतेभित्र यस तामाकोशी गाउँपालिकाको कार्यालयमा अनिवार्य रुपमा बुझाउन हुन अनुरोध छ ।

साथै यसअघि सूचीकृत हुन बाँकि रहेका सहकारीहरुलाई आवश्यक कागजात सहित सूचीकृत हुन अनुरोध गरिएबमोजिम गर्न र मासिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन लगायत गाउँपालिकाले मागेका विवरण तथा रिपोर्टहरु तोकिएको समय र ढाँचामा नियमित रुपमा पठाउनुहुन जानकारी समेत गरिन्छ ।

२०७७।५।१६

(निमेष मिश्र)
प्रमुख प्रशासकीय अधिकृत